# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

प. सं. ८/२०७८/०७९ प्र. ज. वि. शा.
च. नं. ४४९४

मिति: २०७८/१०/१२

**विषयः भरतपुर महानगरपालिकाको अनुरोध !**

भरतपुर महानगरपालिका क्षेत्रमा विकास निर्माणको कार्य तीव्र रुपमा सञ्चालन भइरहेको हुँदा सार्वजनिक स्थानमा विकास निर्माणको क्रममा खनिएका खाल्डाखुल्डीहरुमा परी जुनसुकै बेला दुर्घटना हुने सम्भावना भएकोले त्यस्ता स्थानमा सवारीसाधनको आवत– जावत, पैदल यात्री लगायत बालबालिकाहरुले हिंडडुल गर्दा विशेष सावधानी अपनाउनुहुन सम्पूर्ण महानगरवासी, टोल विकास संस्था लगायत निर्माण कार्यसँग सरोकार राख्ने सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

निर्माण व्यवसायीहरुले निर्माण कार्य गर्दा पर्याप्त सुरक्षाका उपायहरु अपनाउने, निर्माणाधीन सडकमा रहेका खाल्डाखुल्डी शीघ्र रुपमा पुर्ने, सूचना/सावधानी बोर्डहरु अनिवार्य रुपमा राख्ने, अँध्यारो स्थानमा उज्यालोको व्यवस्था गर्ने, आपसी समन्वय गरी प्रचलित कानूनी प्रावधानहरुको पालना गरी सम्भावित दुर्घटना कम हुने गरी निर्माण कार्य गर्नु गराउनुहुन सम्बन्धित सरोकारवालाहरुलाई भरतपुर महानगरपालिका हार्दिक अनुरोध गर्दछ ।

१०/१२

...............................

(रामबन्धु सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५६–५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६–५२००१४